# आर्थिक बर्ष २०७५/०७६ को
# नीति, कार्यक्रम तथा बजेट
# सहित राजस्व र व्यय अनुमान

## बजेट बक्तब्य

## इन्द्रसरोवर गाउँपालिका
कुलेखानी, मकवानपुर

सभाध्यक्ष महोदय,

1. आजको यस बैठक लाई सम्बोधन गर्न पाउँदा मा अत्यन्तै गौरवान्वित भएको छु |
2. विगत १ वर्ष देखि हामीले यस गाउँपालिकाको नेत्रित्व सम्हाल्दै आएको र यस बिचमा हामीलाई विकास , साझेदारी र सहकार्यमा सहयोग गर्दै आउनु भएका हाम्रा गाउँ पालिका बासी हरुलाई धन्यवाद ज्ञापन गर्दछु |
3. राष्ट्रियता, लोकतन्त्र र अधिकारको आन्दोलन मा अगुवाई गर्नु हुने सबै अग्रजहरुको योगदान को सहृदय देखि स्मरण गर्दै यस अभियान मा जीवन उत्सर्ग गर्नु हुने सहिद हरु प्रति हार्दिक श्रदान्जली अर्पण गर्दछु |
4. हाम्रो यस स्थानीय सरकारले गाउँपालिकाको जातीय , भाषिक, धार्मिक,सांस्कृतिक एबं भौगोलिक विविधतालाई आत्मसाथ गरि सामाजिक एबं सांकृतिक समानता र सहिष्णुता मा आधारित भएर सद्भाव एबं सहकार्यको एकता लाई मजबुत बनाउने नीति लिएको छ |
5. त्यसैगरि सामाजिक न्याय र समानता कायम गरी सबैको समृद्धि हुने नीति अवलम्बन गरिनेछ |
6. नेपालको संबिधान तथा स्थानीय सरकार संचालन ऐन, २०७४ ले प्राप्त गरेको अधिकार लाई सुनिश्चित गर्दै सो को प्रभाबकारी कार्यन्वयनका लागि गाउँपालिका पूर्ण रुपमा प्रतिवद्ध रहनेछ |

सभाध्यक्ष्य महोदय,

7. विकास र समृद्धिको प्राप्ति गर्ने तर्फ केन्द्रित भएर हामीले आ.व. २०७५/७६ को नीति, कार्यक्रम तथा बजेट तयार गरेका छौं |
8. अबको विकास अनुसन्धान,सर्भेक्षण,मूल्यांकनबाट प्राप्त तथ्यांकको गहिरो अध्ययन र प्रमाणको आधारमा हुनेछ|दिगो विकासको लक्ष्य हासिल गर्न यस गाउँपालिकाले दिर्घकालिन लक्ष्य सहित प्रयोग मैत्री(बालमैत्री,जनमैत्री,महिलामैत्री, अपांगमैत्री,बृध्द बृध्दा मैत्री,युवामैत्री आदि)विकास योजनाको खाका निर्माण गर्नका लागि घरधुरी सर्भेक्षण र तथ्यांकको आधारमा आगामी १० वर्षमा हासिल गर्ने सूचक सहितको लक्ष्य निर्धारण गर्न गाउँपालिका प्रमुखको अध्यक्षता रहने गरि एक गाउँपालिका स्तरीय विज्ञ तथा प्रबुध्द समुह गठन र परिचालन गरिनेछ| उक्त समुहले गाउँपालिकाको १०,२०र ३० वर्षे गुरुयोजना तयार गर्नेछ|गाउँपालिकाको वृहत वस्तुगत विवरण तयार गरि पालिकाको सवल र दुर्वल पक्ष,सम्भाना र चुनौतीको लेखाजोखा,पहिचान,विश्लेषण,क्षेत्रगत उद्देश्य र दिर्घकालिन लक्ष्य सहित समृध्द गाउँपालिकाको एउटा महत्वपूर्ण पार्श्वचित्र(indrasarowar rural municipilty profile) समेत निर्माण गरिनेछ |
9. उपलब्ध स्रोत र साधनको प्रभाबकारी ढंगले उपयोग गरि विकासको प्रतिफल सबै पालिका वासी लाई अनुभूत हुने गरी कार्यान्वयन पक्षमा जोड दिइनेछ |
10. हामीले कृषि, उधोग,पर्यटन, उर्जा, सूचना प्रविधि, भौतिक पूर्वाधार र वस्ती विकास लाई आर्थिक वृद्धिको संवाहक को रुपमा पहिचान गरेका छौं |सार्वजनिक, निजि र सहकारी क्षेत्र को सहकार्यमा

विकासका क्रियाकलाप हरु परिलक्षित हुनेछन |गाउँ पालिका अन्तर्गतका सहकारी संस्था हरुको प्रवर्द्धन मा विशेष ध्यान दिईनेछ |

11. आन्तरिक स्रोत परिचालनमा वृद्धि गरिनेछ | यसका लागि विभिन्न क्षेत्रहरुको पहिचान गरी सक्रिय बनाईनेछ |

12. सरकारी, निजी र संगठित क्षेत्रहरु बाट हुने सबै प्रकारको भुक्तानी बैंक खाता मार्फत हुने व्यवस्था गरिनेछ |

सभाध्यक्ष्य महोदय,

13. कृषि उत्पादकत्वमा वृद्धि गरी आगामी १० वर्ष मा कृषिको उत्पादन दोब्बर बनाउने लक्ष्यका साथ कृषिलाई आधुनिकरण र ब्यबसायीकरण गरिनेछ |

14. भूमिको उत्पादकत्व वृद्धि गरी कृषियोग्य भूमिको खण्डिकरण र अनावश्यक अतिक्रमण रोकिनेछ साथै भू-क्षय न्यूनीकरणमा जोड दिईनेछ |

15. मुख्य कृषि उपज तथा पशुपंक्षी जन्य उत्पादनमा आत्मनिर्भर हुने नीति अवलम्बन गरिनेछ | निर्यात योग्य कृषि उपजहरुको खेति लाई प्रोत्साहन गरिनेछ |

16. आधुनिक प्रविधिको प्रयोग गरी साना सिंचाई आयोजना हरुको निर्माण तथा कार्यान्वयन बाट गाउँ पालिका भित्रका कृषि योग्य जमिनमा सिंचाई सुविधा विस्तार गरिनेछ |

17. सामुदायिक बन, कबुलियती बन तथा निजि बन हरुको संरक्षण तथा नियमनका कार्यक्रम हरु संचालन गरिनेछ साथै आवश्यकता अनुसार बृक्षारोपणलाई विशेष प्राथमिकता साथ अगाडी बढाइनेछ |

18. जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकुलनका कार्यक्रम हरु संचालन गरिनेछ | जैविक विविधताको संरक्षण गरिनेछ |

19. स्थानीय वस्तु र सेवाको उत्पादन, गुणस्तर र प्रतिस्पर्धात्मक क्षमतामा वृद्धि गरिनेछ |

20. शिक्षा र स्वाथ्य सेवा प्रवाहमा प्रभावकारिता र गुणस्तरीयता कायम गर्ने विशेष कार्यक्रमहरु संचालनमा ल्याईनेछ |

21. पर्यटन पूर्वाधार निर्माण, प्रचार प्रसार र पर्यटक अनुकुल सेवा सुविधाको विस्तार गरिनेछ साथै इन्द्रसरोवर ताल लाई पर्यटक आवागमनको मुख्य आधार मानी यस क्षेत्रको समग्र विकास र बिस्तार जोड दिइनेछ |

22. परम्परा, भाषा, संस्कृति रितिरिवाज र रहनसहन झल्काउने स्थानीय सांकृतिक सम्पदा हरुको संरक्षण र विकास गरिनेछ |

23. आधारभूत शिक्षा लाई अनिवार्य गरिनेछ तथा विद्यालय छाड्ने प्रवित्ति लाई निरुत्साहित गर्ने विशेष कार्यक्रम ल्याईनेछ साथै आवश्यकता अनुसार प्रारम्भिक बाल विकास केन्द्र हरुको संचालन र दाता/अभिभावक हरु संगको साझेदारीमा बालबालिका हरुलाई दिवा खाजाको ब्यबस्थापन गरिनेछ |

24. इन्द्रसरोवर गाउँपालिका भित्रका विद्यालय छोडेर बसेका,विशेषगरि बिबाह गरेर बसेकाहरु लागि खुल्ला शाखा बिद्यालयको रुपमा स्थापना गरि प्राविधिक शिक्षा सहित शिखरापूर सामुदायिक

विद्यालयसंग आवश्यक सहकार्य समन्वय गरेर कम्तिमा एउटा वडाबाट सुरुवात गरिने लक्ष्य लिईएको छ |

25. **"गुणस्तरीय शिक्षा, आजको आवश्यकता, बालबालिकाको भबिस्य, इन्द्रसरोवरको उदेश्य "** भन्ने मूल नारालाई साकार बनाउन गाउँपालिका अन्तरगतका विद्यालयका शिक्षक / शिक्षिका तथा प्रारम्भिक बाल विकास केन्द्रका सहजकर्ता हरुलाई आवश्यकता अनुरुपको तालिमको ब्यबस्थापन गरिनेछ |

26. **"स्वच्छ,स्वस्थ र आर्थिक समृध्दीका लागि,बालमैत्री गाउँपालिका निर्माण हाम्रो अभियान|सबैक्षेत्रमा बालमैत्री संरचना,इन्द्रसरोवर गाउँपालिकाको पहिलो पहिचान"** भन्ने मूल नारालाई साकार पार्न बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि २०७४ लाई पूर्णरूपमा कार्यान्वय गर्दै यस इन्द्रसरोवर गाउँपालिकाको वडा न.४ र ५ फाखेललाई गत २०७५ साल जेठ २९ गते बालमैत्री वडा घोषणा भएकोमा सम्बन्धित वडाहरुलाई हार्दिक धन्यबाद व्यक्त गर्दै आगामी ३ वर्ष भित्र इन्द्रसरोवर गाउँपालिकालाई नै बालमैत्री गाउँपालिका घोषणा गर्नको लागि वित्तीय समानीकरण तर्फबाट प्राप्त अनुदानको १०%(प्रतिसत)वजेट बालबालिका क्षेत्रमा निर्धारित ३९ वटा सूचकहरु पूरा गर्न र बालमैत्री वडा घोषणा भएका वडालाई निरन्तरता दिन लगानी गरिनेछ साथै गाउँपालिका र वडाहरुमा बाल लगानी कोषको स्थापना समेत गरिनेछ |

27. बाल बालिका हरुको शारीरिक, मानसिक, तथा बौद्धिक सम्बेगात्मक बिकासका लागि प्रत्येक वडामा एक /एक वटा बाल उद्यान केन्द्र स्थापनाको लागि अध्ययन अनुशन्धान गरी कार्यान्वियनमा ल्याईनेछ |

28. प्रत्येक विद्यालय लाई बालमैत्री बिद्यालय को रुपमा विकास गर्ने गरी विद्यालय संरचना निर्माणमा जोड दिईनेछ तथा विद्यालय तह देखि जीवन उपयोगी ब्यबसायिक र प्राविधिक शिक्षालाई प्राथमिकता दिईनेछ |

29. गाउँ पालिका अन्तर्गतका सम्पूर्ण विद्यालयहरुको बर्तमान बिद्यार्थी :शिक्षक अनुपातको अनुगमन तथा विश्लेषण गरी आवश्यकताको आधारमा पठनपाठन ब्यबस्थापन गरिनेछ |

30. गाउँ पालिका अन्तर्गतका गारिब तथा जेहेन्दार विद्यार्थी हरुको पहिचान गरी उच्च शिक्षा एबं प्राविधिक शिक्षा अध्ययनका लागि आवश्यक क्षात्रबृत्ती रकम उपलब्ध गराइनेछ |

31. गाउँपालिका भित्रको कुनै एक बिद्यालयलाई आवश्यक संरचना,ब्यबस्थापन लगायत विविध विषयको आधारमा नमुना विद्यालयको रुपमा अघि सारिने नीति लिईएको छ |

32. आधारभूत स्वास्थ्यसेवा लाई प्रभाबकारी बनाई गुणस्तरीयता कायम गरिनेछ |

33. गर्भवती महिला भिडियो एक्सरे तथा स्वास्थ्य परिक्षण सिविर एवं स्वास्थ्य विमा उपचार सेवालाई आवश्यक गृहकार्य गरि अत्याधुनिक प्रविधि सहित घुम्ती बस सेवा मार्फत प्रत्येक वडामा मनमोहन सामुदायिक अस्पतालसंग सहकार्य समन्वय गरी संचालन गरिनेछ|साथै यस सम्बन्धि प्रदेश सरकारसंग पनि समन्वय र सहकार्य गरिनेछ |

34. स्वास्थ्य संस्थाहरुमा जेष्ठ नागरिक हरुको उपचारमा विशेष व्यवस्था गरिनेछ |

35. सबै गाउँपालिका वासीहरुको स्वास्थ्य बिमा हुने गरी स्वास्थ्य बिमा कार्यक्रम लाई अभियानको रुपमा बिस्तार गरिनेछ |

36. पाँच वर्ष मुनिका बालबालिकाहरुमा देखा परेका कुपोषणलाई न्यूनीकरण गर्न विशेष कार्यक्रम ल्याईनेछ |

37. गत वर्ष देखि महिला स्वास्थ्य स्वयम् सेविकाहरुको कार्यको उच्च मूल्यांकन गर्दै आफ्नो जिम्मेवारी प्रति थप क्रियाशील भैरहनका लागि उत्प्रेरित बनाउन बैठक खाजा भत्ता वापत प्राप्त मासिक रकममा थप गर्दै रु.१०००|-का दरले दिदै आएकोमा यसलाई निरन्तरता दिईनेछ |

38. "**सबैको ध्यान,जेष्ठ नागरिकको सम्मान**"भन्ने मूल नाराका साथ गत वर्ष देखि संचालन गर्दै आएको जेष्ठ नागरिग स्वास्थ्य परिक्षण एवं न्यानो कपडा वितरण कार्यक्रमलाई निरन्तरता दिईनेछ साथै जेष्ट नागरिक हरु आपसी भेटघाट, भलाकुसारी, छलफल इत्यादि गर्नका निमित्त प्रत्येक वडा मा एक/ एक वटा **जेस्ठ नागरिक भेटघाट केन्द्र** स्थापना गरिनेछ ।

39. गाउँपालिका स्तरीय स्वास्थ्य नीति तयार गरी कार्यन्वयनमा ल्याईनेछ |

40. सबै जनताहरु लाई स्वच्छ खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराईनेछ | मुहान सम्रक्षण, भूमिगत स्रोतको दोहन लाई नियन्त्रण गरिनेछ | आवश्यकता अनुसारको लिफ्ट प्रविधि र ठुला खानेपानी आयोजना संचालन गरिनेछ |

41. प्रेस स्वतन्त्रताको सम्मान गर्दै सबै किसिमका सूचनाहरु सबै समक्ष प्रसारण,प्रशारित गर्न गराउनको लागि पत्रकारीता सीप प्रदान गर्न गाउँपालिका भित्रका यससंग सबन्धित इच्छुक यूवाहरुलाई आवश्यक तालिम\प्रशिक्षण\गोष्ठी इत्यादि सन्चालनको लागि यससंग सम्बन्धित संघसंस्थाहरुसंग सहकार्य समन्वय गरि संचालन गरिनेछ |

42. होटल तथा बजार बाट निस्कने फोहोरमैला लाई सुरछित ढंगले ब्यबस्थापन नगर्ने संचालक लाई कारवाहीको दायरामा ल्याईनेछ | नदि, खोला डिलमा र सार्वजनिक स्थलमा फोहोर बिसर्जन गर्ने हरुलाई दण्डित गरिनेछ |

43. प्लास्टिक झोलाको प्रयोग लाई निरुत्साहित गर्दै प्लास्टिक झोला मुक्त स्थानीय तहको रुपमा यस गाउँपलिकलाई विकास गर्न आवश्यक कार्यनीति अवलम्बन गरिने छ, साथै बैकल्पिक ब्यबस्थाको लागि गैरप्लास्टिक झोलाको प्रयोगमा जोड दिईनेछ |

44. रोजगारीका अवसरहरु सृजना गरी विदेशमा रोजगारीका लागि जाने प्रवित्ति को अन्त्य गर्न कार्यक्रम हरु संचालन गरिनेछ |

45. महिला सशक्तिकरणका लागि विशेष कार्यक्रम ल्याईनेछ | बालबालिका, महिला, जेस्ठ नागरिक, विपन्न, लोपोन्मुख र समाज बाट पछी परेका वर्ग, समुदायको सामाजिक संरक्षण गरिनेछ | बलात्कार, यौनशोषण, मानब ओसार पसार र बेच बिखन तथा महिला बिरुद्ध हुने सबै प्रकारको हिंसाजन्य कार्यहरु निर्मुल गरिनेछ |

46. समाजमा रहेको बिकृति, विसंगति र सामाजिक कुरीति लाई न्यूनीकरण गर्न का निमित्त विशेष ध्यान दिईनेछ |

47. गाउँपालिकाको समग्र खेलकुदको विकास र विस्तार जोड दिइनेछ उक्त अभियानको लागि प्रत्यक वडामा खेल मैदान निर्माणका लागि प्रदेश सरकार र केन्दीय सरकार संग समन्वय गरिन्छ साथै गाउँपालिका स्तरीय **"गाउँपालिका प्रमुख फूटबल रर्निंगशिल"** प्रतियोगिता बार्षिक रुपमा आयोजना गरिनेछ |

48. भ्रस्टाचार जन्य क्रियाकलाप लाई निरुत्साहित गरी भ्रस्टाचार गर्ने र गराउने सबैलाई दण्डित गरिनेछ |

49. योजना लाई समयावधि भित्रै सम्पन्न गर्न योजना कार्यन्वयनका लागि कार्ययोजना बनाई नतिजा प्राप्ति लाई सुनिश्चित गरिनेछ |

50. समायावधि भित्रै योजना हरु सम्मपन्न गर्ने तथा योजना कार्यन्वयनमा उत्कृस्ट हुन सफल एक वडा लाई पुरस्कृत गरिनेछ |

51. विपद ब्यबस्थापनको प्रवाभकारी ढंगले कार्यन्वयन गरिनेछ |

52. सम्पूर्ण गुठिका जग्गाहरु रैकरमा परिणत गर्न प्रदेश सरकारसंग समन्वय गरेर कार्यन्वयन गर्ने नीति लिएकोछ साथै छुट जग्गा दर्ता र पून-नापी गरि सार्वजानिक,नीजी जग्गाको यथार्थ अभिलेखीकरण गर्न प्रदेश र संघीय सरकारसंग आवश्यक पहल तथा समन्वय गरेर अघि बढ्ने नीति लिएकोछ |

53. भूकम्प बाट प्रभावित व्यक्ति हरुको निजि आवास पुननिर्माण कार्यलाई सरल र सहज ढंगले कार्यान्वयन गर्न विशेष जोड दिईनेछ |

54. **"घरको फोहोर घरमै "** नीति लाई अवलम्बन गरिनेछ र फोहोर उठाउन आउँदा मात्र बाहिर निकाल्ने व्यबस्थाको सुरुवात गरिनेछ |

55. सलेमले डाँडा मा रहेको **'मदन भण्डारी फाखेल मैत्री पार्क'** लाई राजनीतिको उद्गम स्थलको रुपमा पहिचान गर्दै सो क्षेत्रको विकास र विस्तारमा विशेष कार्यक्रम ल्याईनेछ |

56. सडक तथा सार्वजनिक जग्गा अतिक्रमण लाई निरुत्साहित तथा अन्त गरिनेछ |

57. ग्रामिण विधुतीकरणको लागि विशेष योजना अघि सारिनेछ |

58. गाउँ पालिकाका केहि विशेष स्थान हरुमा सौर्य उर्जा कार्यक्रम मार्फत सोलार प्यानल र बत्ति जडान गरी प्रयोगमा ल्याईनेछ |

59. शान्ति सुरक्षाको अनुभूति दिलाउन सरकारमा पहुच नभएका विविन्न तरिकाले अन्यायमा परेका महिला,दलित,अपांग भएका व्यक्तिहरु लगायत विभिन्न वर्ग,समुदायहरुलाई आवश्यकता अनुसार जनसम्पर्क एवं कानुनी सहायता अधिकारी नियुक्ति गर्न प्रदेश तथा संघीय सरकारसंग आवश्यक पहल गरिनेछ |

60. माछा पालन कार्यक्रम प्रर्वद्धन गरिनेछ साथै कुलेखानीको माछाको बजार व्यबस्थापनको लागि उचित वजेटको ब्यवस्था गरिनेछ ।

61. पालिका भित्रका सबै क्षेत्र समेट्ने चक्रपथ निर्माणको गुरुयोजना तयार पारिनेछ साथै वार्ह्य आवागमनका सडक संजाल लिंक रोड विस्तारका लागि आवश्यक अध्ययन गरिनेछ |

62. स्थानीय तह संचालन ऐन, २०७४ ले निर्दिष्ट गरे अनुरुपको स्थानीय स्तरका मुद्धा तथा गुनासो हरुको सुनुवाई गरिनुका साथै न्यायिक समिति मार्फत प्रभाबकारी ढंग बाट न्याय सम्पादन गरिनेछ |

63. पर्यटकीय क्षेत्रमा रहेको अव्यवस्थित सवारी पार्किंङ क्षेत्र लाई सुव्यवस्थित गर्न आवश्यक कार्यक्रम अगाडी बढाईनेछ |

64. स्थानीय सरकार संचालन २०७४ ले निर्दिष्ट गरे बमोजिम मिति २०७५ श्रावन १ गते देखि अनिवार्य रुपमा एकीकृत सम्पति कर लागु गरिनेछ |

65. गाउँ पालिका भित्र निर्माण हुने नया भवन हरु अनिवार्य रुपमा गाउँ पालिका बाट नक्सा पास गराई मात्र निर्माण गर्ने नीति लागु गरिनेछ साथै पहिले निर्माण भईसकेका भवन हरुको हकमा प्रमाणीकरण गर्नु पर्ने ब्यबस्था अनुरुप अधिकतम १ वर्षको समयावधि तोकिने छ |

66. गाउँपालिका गौरबको योजनाको रुपमा यस बर्ष कम्तिमा पाँच वटा योजना छनौट गरी संचालनमा ल्याईनेछ , सो अन्तर्गत निम्न योजना हरु रहने छन् |

क) वडा नं १ मार्खुमा अवस्थित इन्द्रसरोवर ताल बिचमा रहेको डाँडालाई बिशेष किसिमको आकर्षक र धार्मिक एबं तनाब ब्यबस्थापन क्षेत्रको रुपमा विकास गरिनेछ |

ख) वडा नं. २ कुलेखानीमा रहेको कृषि तथा पशु जन्य क्षेत्र लाई व्यवसायीकरण गरी नमुना क्षेत्रको रुपमा विकास गरिनेछ |

ग) वडा नं. ३ सिस्नेरी झाङ्गल छापमा रहेको प्राकृतिक पानीको स्रोत को क्षेत्रमा प्राकृतिक पौडी पोखरी निर्माण गरी आन्तरिक तथा बाह्यृ पर्यटनलाई प्रवर्धन गरिनेछ |

घ) वडा नं. ४, फाखेलको कालिका मा.वि. मा कृषि प्राविधिक कक्षा संचालनमा ल्याईनेछ |

ङ) वडा नं ५,फाखेलको कला, संस्कृति र पर्यटन प्रवर्द्धन आर्थिक सम्वृद्धि का लागि होम स्टे कार्यक्रम संचालन मा ल्याईनेछ |

67. १८ वर्ष अघि ट्रयाक जोडेको हेटौडा कुलेखानी फाखेल हुमाने फर्पीङ काठमाण्डौ सडकलाई कालोपत्रे गर्न प्रदेश तथा संघीय सरकार समक्ष आवश्यक पहल गरिनेछ |

68. ४० वर्ष पहिले ट्रयाक जोडेको कुलेखानी कलंकी मार्खु बज्रबाराही कुन्छाल त्रिभुवन राजपथ जोड्ने सडक अहिलेसम्म जस्ताका तस्तै रहेकोले आवश्यक स्तरउन्नति तथा कालोपत्रेको लागि प्रदेस र संघीय सरकारसंग विशेष पहल गरिनेछ |

69. कुलेखानी सिस्नेरी काठमान्डौ सडक मदन भण्डारी मार्ग स्तरउन्नतिको क्रममा रहेकोलाई यथाशिघ्र छिटो कार्य सम्पन्न गर्न गराउनको लागि सम्बन्धित निकायमा आवश्यक पहल गरिने छ |

70. फाखेल महालक्ष्मी दोभान चखेल मातातिर्थ काठमान्डौ सडक ट्रयाक जोडी हाल केहि सान मझौला सवारीसाधनहरु संचालनमा रहेको र मकवानपुरको भाग डी.पी.आर.समेत तयारी भैसकेकोले स्तरउन्नति तथा कालोपत्रेको लागि प्रदेश र सघिय सरकार समक्ष विशेष पहल गरिनेछ |

71. गाउँपालिकाले विगतमा संचालन गरेको क्रमाङ्गत योजनाहरुलाई निरन्तरता दीईनेछ |

72. "**इन्द्रसरोवर वर्ष सम्मान**"गाउँपालिका क्षेत्रमा स्थायी वसोवास भएका व्यक्तित्व मध्येबाट विज्ञान,कला,साहित्य,सिप र पेसागत क्षेत्रमा उल्लेख्य योगदान पुर्याउने व्यक्ति पहिचान गरि कुनै एकजनालाई वार्षिक रुपमा इन्द्रसरोवर वर्ष सम्मानको रुपमा सम्मानित गरिनेछ |

सभाध्यक्ष महोदय,

उपरोक्त नीति तथा कार्यक्रम हरु कार्यान्वयन गर्नका लागि आगामी आर्थिक बर्ष २०७५/७६ मा उल्लेखित क्षेत्रहरुमा तपशिल बमोजिमको प्रक्षेपित आय र व्यय अनुमान पेश गर्ने अनुमति चाहन्छु |

## १) आय तर्फ :

**क) संघिय सरकारबाट प्राप्त अनुदानः (रु हजारमा )**

वित्तीय समानीकरण अनुदान ६०००० (छ करोड )
सशर्त अनुदान ६८७००(छ करोड सत्तासि लाख )
राजस्व बांडफांड ४२९२८( चार करोड उन्नतीस लाख अठाइस हजार )
**जम्मा १७१६२८( सत्र करोड सोह्र लाख अठाईस हजार मात्र )**

**ख) प्रदेश सरकार बाट प्राप्त अनुदान: (रु हजारमा )**
वित्तीय समानीकरण अनुदान ७६६४(छैहत्तर लाख चौसठी हजार )
सशर्त अनुदान १५६००(एक करोड छपन्न लाख )
**जम्मा २३२६४ ( दुई करोड बत्तीस लाख चौसठी हजार )**

**ग) आन्तरिक आय बाट प्राप्त : १०१२५ (एक करोड एक लाख पच्चीस हजार )**

**घ) राजस्व बांडफांड बाट प्राप्त :८०००(असी लाख मात्र )**

**ङ) अन्य आय :**
बाँकि संचित कोष मौज्दात : ५००० (पचास लाख )
सामाजिक सुरक्षा भत्ता : २१०००(दुई करोड दस लाख )
सडक बोर्ड बाट प्राप्त : २००(दुई लाख)
जनसहभागिता :५०० (पाँच लाख)
LGCDP बाट प्राप्त :१२००(बाह्र लाख )
**जम्मा २७९००(दुई करोड उनासी लाख )**
**कुल आय : २४०९१७ (चौबिस करोड नौ लाख सत्र हजार )**

## २) व्यय तर्फ:

| खर्च शीर्षक | आन्तरिक स्रोत | संघिय तथा प्रादेशिक अनुदान |
|---|---|---|
| चालु खर्च | ४०००(चालिस लाख) | १३६६५०(तेह्र करोड छैसट्ठी लाख पचास हजार ) |
| जम्मा | १४०६५० (चौध करोड छ लाख पचास हजार "**सशर्त अनुदान समेत** ") | |
| पुँजीगत खर्च | २५०० (पच्चीस लाख ) | ९७७६७ (नौ करोड सतहत्तर लाख सत्सठी हजार ) |
| जम्मा | १००२६७ (दस करोड दुई लाख सतसट्ठी हजार ) | |

**कुल खर्च जम्मा :२४०९१७ (चौबिस करोड नौ लाख सत्र हजार )**

अन्तमा,

**"सुखी नेपाली,समृध्द नेपाल" भन्ने मूल भावनालाई** मनन गर्दै आर्थिक वर्ष २०७५\०७६ को नीति तथा कार्यक्रम तयार पारिएको छ |यसको सशक्त कार्यन्वयनको लागि प्रवल इच्छा शक्ति,भ्रष्टाचार विरुध्दको कठोर कदम,बेरोजगारीको अन्त्य,उत्पादक शक्तिमा उच्चतम विकास,सबै किसिमको विभेदको अन्त्य,सकारात्मक सोचाईको विकास र समृध्दी हासिल गरि सबै गाउँपालिका वासीको शिर उच्च बनाएर समाजवादउन्मुख बाटो अंगाल्ने विश्वास लिएकोछु |

यो बजेट तर्जुमा गर्दा मार्ग निर्देशन गर्नु हुने गाउँ पालिकाका अध्यक्ष ज्यू प्रति हार्दिक आभार प्रकट गर्दछु साथै यस बजेट निर्माणमा सहयोग र सुझाब दिनु हुने विषयगत समितिका पदाधिकारी , निजि क्षेत्र, नागरिक समाज, गाउँपालिकाका सम्पूर्ण कर्मचारीहरु, बिषयगत शाखाका संयोजक ज्यू हरु तथा गाउँ कार्यपालिकाका सम्पूर्ण सदस्य ज्यू हरुलाई समेत हार्दिक धन्यबाद ज्ञापन गर्दै यो बजेट कार्यान्वयनमा सबैको पूर्ण सहयोग रहने अपेक्षा गरेको छ |

**!!! धन्यवाद!!!!**

**उमा कुमारी लामा**
उपाध्यक्ष
इन्द्रसरोवर गाउँ पालिका
कुलेखानी मकवानपुर
प्रदेश नं. ३, नेपाल